आज मिति २०८२ साल असार २० गते दिनको ९ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को पन्धौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | पदम प्रसाद रिजाल | सहायक प्रशासकीय अधिकृत | |
| ३ | टंक बहादुर पुन | बरिष्ठ लेखा सहायक | |
| ४ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ५ | गण बहादुर थापा | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल

मणिराम वुढाथोकी

## पन्धौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. वार्षिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ सम्बन्धमा ।
४. स्थानीय भू-उपयोग योजना पारित सम्बन्धमा ।
५. विविध छलफल सम्बन्धमा ।

## २०८२ असार २० गते बसेको पन्धौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियों ।कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | वार्षिक सार्वजनिक सुनुवाई सम्बन्धमा । | चालु आ.व. को वार्षिक सार्वजनिक सुनुवाई गर्न आवश्यक रहेको । | चालु आ.व.कोमा गाउँपालिका तथा मातहतका कार्यालय र निकायबाट भएका क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुदाँ मिति २०८२/०४/२९ गते बिहिवारका दिन सुलिचौरमा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक रहेको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ स्वीकृत गर्ने आवश्यक रहेको । | मिति २०८२/०३/०६ गते बसेको कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२ स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | स्थानीय भू-उपयोग योजना पारित सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक रहेको स्थानीय भू-उपयोग योजना पारित गर्न आवश्यक रहेको । | भू-उपयोग नियमावलीले व्यवस्था गरे बमोजिम भू-उपयोग क्षेत्र बर्गिकरण गरी २०८२ असार मसान्तसम्म चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्नुपर्ने र भू उपयोग क्षेत्र नक्सा तथा विवरण अध्यावधिक गरिसक्नु पर्ने व्यवस्था बमोजिम भू उपयोग योजना निर्माण र भू उपयोग क्षेत्र वर्गिकरणको कार्य सम्पन्न भएकोले स्वीकृत गरि स्थानीय भू-उपयोग परिषद्मा पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषद्को समिति छनौट सम्बन्धमा । | **क)** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण र उपयोग ऐन, २०८२ को दफा ४७ को उपदफा (२) (छ) बमोजिम वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका INF नेपाल रोल्पा शाखा कार्यक्रम संयोजक र रीता कुमारी थापा वडा नं. ३ लाई सदस्य पदमा तोक्ने र (ज) बमोजिम स्थानीय वासिन्दाहरुमध्ये वन उपभोक्ता समितिहरुबाट चन्चा शाह वडा नं. ५ र पदम बहादुर पुनमगर वडा नं. ८ लाई सदस्य पदमा तोक्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | **ख)** निर्णय अनुमोदन सम्बन्धमा । | **ख)** मिति २०८२/०३/१९ गते बसेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्बाट निर्णय भई अनुमोदनका लागि कार्यपालिका वैठकमा पेश भएको निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष